# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, चैत २४ गते, २०७६ साल (संख्या ५२

## भाग ५

नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कोभिड-१९ को कारणबाट प्रभावित क्षेत्रहरूलाई देहाय बमोजिम महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ को सङ्क्रमण रोकथाम तथा नियन्त्रण र उपचारका लागि सूचीकृत देहाय बमोजिमका स्वीकृत

मापदण्ड अनुसारको औषधी, स्वास्थ्य सामग्री र स्वास्थ्य उपकरण पैठारी गर्दा पैठारी गरेको मिति स्पष्ट देखिने गरी स्टिकर टाँस गरी सो मन्त्रालयले तोकेको अधिकतम् खुद्रा मूल्य (एमआरपि) भन्दा बढी मूल्य नहुने गरी बिक्री गर्नु पर्ने शर्तमा भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (म) बमोजिम लाग्ने सम्पूर्ण महसुल छुट दिनेः-

| सि.नं. | मालवस्तुको नाम | भन्सार उपशीर्षक |
|---|---|---|
| १ | Chlorine NaDCC, 45-55%, gran, 1kg, pot | 3004.90.90 |
| २ | VTM (Viral Transport Media) with Packing Material | 3821.00.00 |
| ३ | Rapid Diagnostic Kit for COVID-19 | 3822.00.00 |
| ४ | Portable PCR Reagent Kit (Combo) | 3822.00.00 |
| ५ | PCR Reagent (all for 50 thousand reaction) for a, b, c, d | 3822.00.00 |
| | Primer probe (E gene, RdRp gene, N gene) Compatible withABI 7500, Rotor gene, bicrod | |
| | Positive control for E gene, RdRp gene, N gene | |
| | Master Mix | |
| ६ | Box, Triple packaging, biological substance UN 3373 + pouch | 3923.90.00 |
| ७ | Box, Triple packaging, infectious substance UN2814 | 3923.90.00 |
| ८ | Gown, AAMI Level 3, Non-sterile, Size M & L Sets(Personal Protective Equipment) | 3926.20.00<br>6208.91.00<br>6208.92.00<br>6208.99.00 |

| | | |
|---|---|---|
| ९ | scrubs, top | 6204.42.00 |
| १० | scrubs pant | 6203.42.00<br>6204.62.00 |
| ११ | Face Mask | 6307.90.90 |
| १२ | Shoe Cover, Disposable | 3926.90.99<br>6307.90.90 |
| १३ | Face Shield, clear plastic, disp. | 6506.91.00 |
| १४ | Portable PCR Machine | 9018.90.00 |
| १५ | Portable Ventilator | 9019.20.00 |
| १६ | Thermometer, infrared, no contact, handheld | 9025.11.00<br>9025.19.00 |
| १७ | Goggles protective, wraparound soft frame, indirect vent | 9004.90.00 |

(ख) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा सो मन्त्रालय वा सो मन्त्रालयले तोकेका स्वास्थ्य संस्था वा स्थानमा हस्तान्तरण गर्ने गरी विभिन्न संघ, संस्था वा व्यक्तिले सहयोग स्वरुप उपलब्ध गराएका तोकिएको गुणस्तर अनुरुपका कोभिड-१९ सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि सूचीकृत भएका औषधी, स्वास्थ्य सामग्री र स्वास्थ्य उपकरणमा भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (म) बमोजिम लाग्ने सम्पूर्ण महसुल छुट दिने।

(ग) भन्सार उपशीर्षक ६३.०७.९०.९० मा पर्ने फेस मास्क, भन्सार उपशीर्षक ३८.०८.९४.०० मा पर्ने सेनिटाइजर र भन्सार उपशीर्षक ४०.१५.११.०० मा पर्ने सर्जिकल ग्लोभ्समा पैठारी गरेको मिति स्पष्ट देखिने गरी स्टिकर टाँस गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या

मन्त्रालयले तोकेको अधिकतम् खुद्रा मूल्य (एमआरपि) भन्दा बढी मूल्य नहुने गरी बिक्री गर्नु पर्ने शर्तमा दरबन्दी बमोजिम लाग्ने भन्सार महसुल छुट दिने।

(घ) भन्सार उपशीर्षक ८५.१६.६०.०० मा पर्ने ईन्डक्सन चूल्होमा भन्सार महसुल छुट दिने।

(ङ) कोभिड-१९ को सङ्क्रमण रोकथाम तथा नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने अमेरिकी डलर १,०३,३८,४८८।०० मूल्य बराबरका १९ प्रकारका विभिन्न औषधी, स्वास्थ्य सामग्री र स्वास्थ्य उपकरण आपूर्तिका लागि स्वास्थ्य सेवा विभाग र OBCI Private Ltd. बीच भएको सम्झौता बमोजिम स्वास्थ सेवा विभागले खरिद गरी पैठारी गर्ने मालवस्तुमा भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (म) बमोजिम लाग्ने सम्पूर्ण महसुल छुट दिने ।

(च) खण्ड (क) र (ग) बमोजिमको भन्सार महसुल छुट सुविधा मिति २०७७।०१।१५ सम्ममा भन्सार बिन्दुमा आइपुगेको वस्तुको हकमा मात्र लागू हुने।

## सूचना २

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी कोभिड-१९ को कारणबाट प्रभावित क्षेत्रहरूलाई कर विवरण दाखिला गर्ने, कर दाखिला गर्ने तथा कर फिर्ताको लागि निवेदन दिने म्याद थप गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम संवत् २०७६ साल फागुन महिनाको मासिक, माघ र फागुन महिनाको द्वैमासिक र दोस्रो चौमासिक अवधिको मूल्य अभिवृद्धि कर विवरण तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद संवत् २०७७ साल वैशाख २५ गतेसम्म थप गर्ने।

(ख) मूल्य अभिवृद्धि कर फिर्ता प्रयोजनको लागि मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५घ. बमोजिम कर फिर्ताको निवेदन दिन पाउने अवधि समाप्त भएमा त्यसरी निवेदन दिन पाउने अवधि संवत् २०७७ साल वैशाख मसान्तसम्म थप गर्ने ।

(ग) अन्तःशुल्क ऐन, २०५८ बमोजिम संवत् २०७६ साल फागुन महिनाको विवरण बुझाउने तथा ती विवरण बमोजिमको अन्तःशुल्क दाखिला गर्ने म्याद संवत् २०७७ साल वैशाख २५ गतेसम्म थप गर्ने।

(घ) आयकर ऐन, २०५८ बमोजिम संवत् २०७६ साल फागुन महिनाको बुझाउनु पर्ने अग्रिम कर कट्टी र अग्रिम कर असुलीको विवरण बुझाउने म्याद तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद संवत् २०७७ साल वैशाख २५ गतेसम्म थप गर्ने।

(ङ) आयकर ऐन, २०५८ बमोजिम संवत् २०७६ साल चैत महिनामा बुझाउनु पर्ने आर्थिक वर्ष २०७६/०७७ को संशोधित अनुमानित कर विवरण र दोस्रो किस्ता वापतको रकम दाखिला गर्ने म्याद संवत् २०७७ साल वैशाख मसान्तसम्म थप गर्ने।

(च) आर्थिक ऐन, २०७६ को दफा ८ को उपदफा (२) बमोजिमको शिक्षा सेवा शुल्क, दफा १४ को उपदफा (२) बमोजिमको टेलिफोन स्वामित्व शुल्क तथा दफा १५ को उपदफा (३) बमोजिमको दूरसञ्चार सेवा दस्तुर दाखिला गर्ने म्याद संवत् २०७७ साल वैशाख २५ गतेसम्म थप गर्ने।

**आज्ञाले,**
**रामशरण पुडासैनी**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग,